बैठक मितिः २०८१/०८/२१

बैठक सङ्ख्याः २०

छलफल तथा निर्णयः

१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१।०६।२ को माननीय मन्त्रीस्तरको निर्णयबाट बागमती प्रदेश अन्तर्गत चितवनको केही क्षेत्र र मकवानपुर, मधेश प्रदेशको पर्सा, गण्डकी प्रदेशको तनहुँ र नवलपरासी (पूर्व) को केही भाग गरी करिब ४ हजार वर्ग कि.मि. LiDAR प्रविधिबाट सर्वेक्षण गर्न र आ.व. २०८२।८३ तथा २०८३।८४ को लागि रू. २३ करोड ७९ लाख ९४ हजार २ सयको बहुवर्षीय स्रोत सुनिश्चितताको लागि अनुरोध भई आएको र चालु आ.व. २०८१।८२ को लागि रू. ५ करोड ९५ लाख विनियोजन समेत भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) अनुसार रू. २३ करोड ७९ लाख ९४ हजार २ सय स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।
२. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.सं. २०८१/८२ ब.का.शा, च.न. १७४ मिति २०८१/०७/१४ को पत्रानुसार सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना (ब.उ.शि.नं. ३०८०३१२४) को मरिन नदी नियन्त्रण र इलेक्ट्रोमेकानिकल जडान कार्यका लागि रु. ४ अर्ब ४५ करोड ९३ लाख ९ हजार बराबरको बहुवर्षीय ठेक्का सहमतिका लागि माग भई आएकोमा मन्त्रालयको वार्षिक विकास कार्यक्रम (आ. व. २०८१/०८२) का लागि उक्त आयोजनामा रु ३ अर्ब ९ करोड ९८ लाख ३४ हजार विनियोजन समेत भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) अनुसार रु. ४ अर्ब ४५ करोड ९३ लाख ९ हजार स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।